# फिक्कल गाउँपालिका
## Phikkal Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
खाङसाङ, सिन्धुली
Khangsang, Sindhuli

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.स. (Ref.No.) :- २०८१/८२
च.नं. (Dispatch) 966

कृषि तथा पशुपन्छी विकास शाखा

मितिः २०८१/०५/१७

**सूचना । सूचना ।। सूचना ।।।**

फिक्कल गाउँपालिकाका धान खेति हुने अधिकांश ठाउँहरुमा धान खेतमा गवारो र डुसीजन्य रोगको क्षति देखिएको हुनाले यस रोगनियन्त्रणको लागि यहाँहरुले कृषि शाखामा सम्पर्क गरि परामर्श लिनहुन साथै तपशिल बमोजिमको उपाय अपनाउनु हुन अनुरोध छ।

**१. मरुवा रोग (ब्लाष्ट)**

रोगको लक्षणः पातमा दुवै छेउतिर चुच्चिएका अण्डाकार खैरा थोप्लाहरु निस्कन्छन् । थोप्लाको विचमा सेतो बिन्दु हुन्छ। प्रकोप बढी भएमा पात पूरै डढ्छ । यो रोग आँख्ला र बालाको घाँटीमा पनि लाग्दछ ।

**रोकथामका उपायः** कार्बेन्डाजिम ५०% डब्लु पी (जस्तै बेभिष्टिन) २-३ ग्राम प्रति किलो ग्राम बीउका दरले बीउ उपचार गरी व्याड राखने।ट्राइसाइक्लाजोल ७५% डब्लु पी ०.७५ ग्राम प्रति लिटर वा कसुगामाइसिन ३% एस एल १.५ मि.लि प्रति लिटर पानीमा वा हेक्जाकोनाजोल ५% इ सी २ ग्राम प्रति लिटर पानीमा वा क्रेसोक्जिम मिथाइल ४४.३ एस सी १ मिलि प्रति लिटर पानीमा मिसाइ १५ दिनको फरकमा २-३ पटक छर्ने ।

**२. धानको गवारो**

**रोगको लक्षणः** डाँठमा गवारोले पारेको प्वाल स्पष्ट देखिन्छ।गाँज हाल्ने अवस्थामा गुबो मरेको हुन्छ र तान्दा सजिलै आउछ ।यो लक्षणलाई मृत गुवो भनिन्छ ।वाला लाग्ने अवस्थामा गवारोले गुवो खाँदा सेतो वाला वा फुस्रो वाला भएको हुन्छ ।यस किसिमको लक्षणलाई सेतो बाला भनिन्छ ।गवारोले एउटा सरामा नोक्सान गरिसकेपछि सँगैको अर्को सरा वा गाँजमा पनि प्रवेश गरी नोक्सान पुर्याउदछ ।

**रोकथामका उपायः** धान रोपिसकेर कम्तीमा पनि ४० दिनसम्म निरन्तर बाली निरीक्षण गरी गवारो लागे नलागेको एकिन गर्ने।बेर्नाको टुप्पो चुडाई रोप्ने।छिपछिपे पानीमा कार्टाप हाईड्रोक्लोराईड ४% जि. आर. विषादि १.२५ केजि प्रती रोपनीको दरले प्रयोग गरि कम्तिमा ५ दिनसम्म पानी बग्न नदिने ।

**३. सिथ ब्लाइट रोग**

**रोगको लक्षणः** धानको पातको फेदमा अण्डाकार खैरा थोप्लाहरु भएपछि आकारमा वृद्धी हुँदै जाने र ढुसीको कालो गिर्खाहरु देखापर्ने। बोट सुकेर डढेको जस्तो देखिने।

**रोकथामको उपायः** नाइट्रोजन मल सिफारिस मात्रा भन्दा बढी प्रयोग नगर्ने। भेलिडामाईसिन ३% एल ३ ग्राम प्रती लिटर पानीमा मिसाएर प्रयोग गर्ने ।हेक्जाकोनाजोल ५% इ सी २ मिलि प्रती लिटर वा प्रोपिकोनाजोल २५% इसी १ मि लि प्रति ४ लिटर पानीमा मिसाएर छर्ने ।

२०८१/०५/१६
प्रकाश शाह
कृषि अधिकृत (छैठौं)

"फिक्कल समृद्धिको मूल आधारः कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र रोजगार"

*Phone No.:-9854045342 Email:-phikkalruralmun@gmail.com Website:-www.phikkalmun.gov.np*